श्री सभापतिज्यू,

तथा नेपाली कांग्रेस केन्द्रीय कार्य समिति।

**विषयः नेपाली कांग्रेसको विशेष महाधिवेशन बोलाउने सम्बन्धमा।**

२०८२ भाद्र २३ र २४ गते जेनजी युवाको आव्हानमा भएको आन्दोलन पश्चात नेपाली राजनीति एउटा विशिष्ट र चुनौतीपूर्ण मोडमा आइपुगेको छ। नेपाली राजनीति यति धेरै विषम, अस्थिर र अन्योलग्रस्त कहिले पनि भएको थिएन। सिङ्गो देश, राजनीतिक, सामाजिक, आर्थिक ट्रमा (आघात) बाट गुज्रिन पुगेको छ। नेपालमा विगतमा भएको कुनै पनि आन्दोलन पश्चात यस्तो अवस्था सिर्जना भएको थिएन। त्यस मानेमा नेपाली समाज र राजनीति असामान्य चरणको सामना गर्दैछ।

जेनजी आन्दोलनको उत्कर्षमा अन्तरिम सरकार गठन भएर संसद विघटन गर्दै फागुन २१, २०८२ को लागि आम निर्वाचनको मिति घोषणा गरिएको छ। एकातर्फ आन्दोलनका क्रममा भएका ध्वंसात्मक गतिविधिको छानबिन गर्ने र अवाञ्छित कार्य गर्नेलाई कानुनको दायरामा ल्याउनुपर्नेछ भने अर्कोतर्फ संविधान जोगाउने गुरुत्तर दायित्व हाम्रो काँधमा आइपुगेको छ। असहज परिस्थितिमा आन्दोलनको मर्मलाई अङ्गीकार गरेर अगाडी बढ्दै निर्वाचनका लागि नेपाली कांग्रेसको घर र परिवारलाई समय सापेक्ष रूपमा एकतावद्ध, व्यवस्थित र स्वस्थ राख्नु हाम्रो दायित्व हुन पुगेको छ।

सडकदेखि सामाजिक सञ्जाल, गाउँदेखि शहर, देश विदेशमा रहेका आम नेपालीमा जुन किसिमको परिवर्तनको भावना फैलिएको छ, त्यसलाई चित्त बुझ्दो जवाफ दिएर अगाडि बढ्नका लागि दलहरूको मौजुदा नेतृत्वबाट सम्भव छैन भन्ने कुरा विभिन्न माध्यमबाट बारम्बार अभिव्यक्त र प्रकट भएको छ। सिङ्गो देश र राजनीतिक व्यवस्था समेत असामान्य अवस्थाबाट गुज्रिरहेको बेला यो व्यवस्था, संविधान र लोकतन्त्रको मूल नेता पार्टीको नाताले नेपाली कांग्रेसले सामान्य निर्णय र नियमित गतिविधि गरेर पुग्दैन, यस परिस्थितिमा ऐतिहासिक निर्णय लिंदै देशको नेतृत्व समाल्नको लागि पहलकदमी लिनैपर्छ । एकातर्फ पार्टी जीवन, लोकतन्त्र र संविधान माथि नै चुनौती खडा भैरहेको अबस्था छ भने अर्कोतर्फ नयाँ पुस्ताको आव्हान र जनअपेक्षा अनुरुप पार्टीको नीति र नेतृत्व स्थापित गर्दै देशका सामु उपस्थित चुनौतीको नेपाली कांग्रेसकै अगुवाइमा सामना गर्नुपर्ने छ। विपी कोइरालाले भनेझैं- "हामीलाई इतिहासको हतियार बन्ने सौभाग्य प्राप्त भएकोमा गर्व छ भने यही तथ्यबाट उत्पन्न भएको जिम्मेवारीबाट हामी कसरी मुक्त हुन सक्छौं ?" यदी हामीले इतिहासले सुम्पेको यो कार्यभार लिन सकेनौं भने इतिहास स्वयं हामीलाई छोडेर अगाडि बढ्नेछ।

यस्तो विषम परिस्थितिमा परिवर्तनको भावलाई समेट्दै पार्टीलाई कसरी अघि बढाउने भन्ने अहम प्रश्न हाम्रा सामु खडा भएको छ। इतिहासका हरेक विशिष्ट, चुनौतीपूर्ण र असामान्य अवस्थामा नेपाली कांग्रेसले आफूलाई सम्हाल्दै अघि वढाएको छ । थुप्रै द्वन्द्व, हिंसा र निरङ्कुश सत्तालाई झेलेर उदाएको संघीय लोकतान्त्रिक गणतन्त्र

हामीलाई एउटा देशभक्त लीडरको खाँचो छ-
सदाबहार राजनीतिककर्मी होइन – राजनीतिकर्मीले
आगामी निर्वाचनको चिन्ता गर्छ लीडरले पुस्ताका पुस्ताहरूको
अर्थात् GEN Z को [illegible]

नेपाललाई धेरै पटक देश समृद्धि [illegible] शक्ति र प्रवृत्तिलाई पराजित गर्न पनि नेपाली कांग्रेस पार्टीभित्र र बाहिर हुने लिए गर्ने ऊर्जावानको ऊर्जा चाहिएको छ। विगतका अवधिहरूमै कठिन घडीमा पनि पार्टी नेतृत्वले उत्तरी कार्यकर्तालाई आवाज बनाएको छ र आज जनतालाई अपेक्षा दिएको छ, त्यसरी नै यस परिस्थितिबाट देश, संवैधानिक प्रक्रिया र लोकतान्त्रिक प्रणालीलाई जोगाएर युवाहरूको आकांक्षा र जन अपेक्षा अनुरूप समृद्धितिर्फ अघि बढ्न सक्छौं भन्ने भरोसा नेपाली कांग्रेसले दिनुपर्नेछ।

**आदरणीय सभापतिज्यू, केन्द्रीय पदाधिकारी तथा सदस्यज्यूहरू,**

आजको परिस्थितिमा पार्टीको नीति नेतृत्व लगायतका विषयमा व्यापक छलफल गर्नुपर्दछ, निर्मम आत्मसमीक्षा, आत्ममूल्यांकन र आत्मसंकल्प गर्नुपर्दछ। एकातर्फ १४औं महाधिवेशनबाट निर्वाचित भएको पार्टी कार्यसमितिको पदावधि सकिन लागेको छ भने अर्को तर्फ १५औं महाधिवेशन सम्पन्न गर्नुपर्ने र आम निर्वाचनको लागि पार्टीलाई तयारी अवस्थामा राख्नुपर्ने जिम्मेवारी समेत हाम्रो सामु छ ।यो विशेष, आकस्मिक र अप्रत्यासित परिस्थितिमा पार्टी कसरी अगाडि बढ्ने, पार्टी नेता कार्यकर्ताले बृहत्तर रुपमा कहाँ छलफल गर्ने त्यसका लागि हाल बहाल रहेको केन्द्रीय कार्यसमितिको साँघुरो घेराले गर्ने निर्णय मात्र पर्याप्त हुँदैन भन्ने हाम्रो ठहर हो । यस्तो अल्पावधिमा पार्टीभित्र तत्काल सर्वस्वीकार्य निकासको लागि गर्नसक्ने विशेष निर्णय र सहज विकल्प भनेको विशेष महाधिवेशन नै हो। नेपाली कांग्रेसको इतिहासमा २०१४ सालमा यसरी नै देशभरिका साथीहरुले निर्वाचनको अनिश्चितताका बीच निर्वाचनको सुनिश्चितताका लागि पार्टी संगठन र नेतृत्वलाई चुस्त र दुरुस्त राख्न एकै ठाउँमा भेला भइ छलफल गरेर पार्टीलाई बाटो देखाएका थिए । वर्तमान परिस्थितिमा पनि हामी देशभरका कार्यकर्ताहरुले एक ठाउँमा बसेर, व्यापक बिमर्श गरेर, पार्टीको र देशको आगामी बाटो पहिल्याउन सक्नुपर्दछ।

हामी नेपाली कांग्रेसका लोकतान्त्रिक आदर्श, सिद्धांत र निष्ठाबाट अनुप्राणित ऊर्जावान सदस्यले समाधान खोज्ने यो नै उपयुक्त बाटो हो। किनकी संकटका बेला सपनाको मलामी जाने नभएर समाधानको उपाय खोजेर अगाडी बढ्ने नेपाली कांग्रेसको संस्कार र परम्परा हो। हामीसँग पार्टी सुधार्ने, व्यवस्था जोगाउने र देश जोगाउन पर्याप्त ल्याकत छ । कांग्रेसको भौतिक संरचनामा प्रहार भएपनि हाम्रा विचारहरू अजेय छन् र हाम्रो हिम्मत सगरमाथा भन्दा अग्लो छ ।

नेपाली कांग्रेसका केन्द्रीय समिति भित्र र बाहिर समेत रहेका नेता, कार्यकर्ता र सुभेच्छुकको विशाल पंक्ति आज पनि देशलाई नेपाली कांग्रेसले नैं नेतृत्व दिन सक्छ भन्ने आत्मविश्वास डगमगाएको छैन । त्यसको प्रस्थान बिन्दु स्वरूप अविलम्ब विशेष महाधिवेशन डाकिनुपर्छ जसले व्यापक छलफल र आत्ममन्थन मार्फत पुनर्जागरण प्रारम्भ गर्नेछ, र यसले जेन्जी आन्दोलन पश्चात देश अघि बढ्ने मार्गचित्र तय गर्नेछ। तबमात्र पांर्टीभित्र र बाहिरका आम तहमा देखिएको उदासिनताको बादललाई हटाउँदै समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर नेपाली कांग्रेस अघि बढ्नसक्छ । विशेष परिस्थितिमा निर्णय लिन बस्ने विशेष महाधिवेशन मार्फत हामीले समाज र राष्ट्रमा उठेका यावत प्रश्नको संवोधन गर्न सक्नेछौं।

हामीलाई एक स्टेट्सम्यान लीडरको खाँचो छ, व्यवहार राजनीतिकर्मीको होइन - राजनीतिज्ञहरूले आगामी निर्वाचनको चिन्ता गर्छ लीडरले पुस्ताको पुस्ताहरूको, अर्थात GEN Z का नवकारण मैले यो अभियानको समर्थन गरें। — राजेन्द्र बजगाईं

महासमिति सदस्य पूर्व सांसद

अतः जेनजी आन्दोलनपश्चात बदलिएको विशेष राष्ट्रिय राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसलाई बदलेर युग सापेक्ष कांग्रेस बनाउनका लागि माथि उल्लेखित समसामयिक परिस्थिति, नीति, विधान र संरचनात्मक परिवर्तन सहितको नेतृत्व लगायतका विषयमा विशेष निर्णय गर्नु अपरिहार्य भएकोले अविलम्ब नेपाली कांग्रेसको विधान २०१७ (संसोधन सहित) को धारा १७ उपधारा (२) बमोजिम विशेष महाधिवेशन आह्वान गर्नका लागि हामी देहायका महाधिवेशन प्रतिनिधिहरूले यो पत्रमार्फत जोडदार माग गर्दछौं। जय नेपाल।

प्रदेश.　　　　जिल्ला..　　　　प्रतिनिधिसभा क्षेत्र नं..

| क.स. | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १ | राजेन्द्र बजगाईं गोरखा | [signature] |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

हामीलाई एक देशभक्त नेताको खाँचो छ, सदाबहार राजनीतिकर्मीको होइन – भावी पुस्ताको आगामी पिढीको चिन्ता गर्ने, नेपाली पुस्ताको पुस्ताहरूको अर्थात GEN Z को, महत्वपूर्ण मैले यो अभियानको समर्थन गरें। —

राजेन्द्र बजगाईं
महासमिति सदस्य एवं सांसद